**Haimaprabha** (A Trilingual, Non-Predatory, Peer-reviewed, NepJOL indexed Journal)
Vol.- 1 Number 22, 2023 Pp. 79-96 ISSN : 2392-4764 (P)

# 'शत्रु' कथामा व्याकरणिक संसक्ति

**महेन्द्र भण्डारी**
उपप्राध्यापक, ने.सं.वि. जनता विद्यापीठ, बिजौरी, दाङ
Email: hammroastro@gmail.com
https://doi.org/10.3126/haimaprabha.v1i22.56541

**सारसंक्षेप**

*'शत्रु' कथा विश्वेश्वरप्रसाद कोइरालाको कथा हो । यस कथामा कथाका प्रमुख पात्र कृष्ण रायमाथि लठ्ठीको प्रहार भएपछि उत्पन्न भएको घटनालाई मूल विषय बनाइएको छ । शैली विज्ञानको भाषिक अध्ययन गर्ने एउटा पक्षका रूपमा रहेको व्याकरणिक संसक्तिका आधारमा उक्त कथाको अध्ययन गरिएको छ । शुत्र कथामा व्याकरणिक संसक्तिको प्रयोग कस्तो रहेको छ भन्ने मूल समस्याको समाधान गर्नका लागि पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरी विश्लेषणात्मक ढाँचाबाट अध्ययन गरिएको यस लेखमा 'शत्रु' कथामा व्याकरणिक संसक्तिको समुचित प्रयोग गरिएको छ । यस कथाका भाषिक एकाइहरूलाई अन्वितिपूर्ण बनाउन निदर्शन, लोप, प्रतिस्थापन, संयोजनले भूमिका खेलेका छन् । यस कथाका शब्द, पदावली, उपवाक्य र वाक्यबिचमा सम्बन्ध स्थापित भएका छन् । यसले कथाले दिन खोजेको सन्देश भाषाका माध्यमबाट पाठक समक्ष पुर्‍याएको छ । सथै यसले अभिव्यक्तिको वैचारिक सिलसिला र वाक्यहरूबिच रहेको अन्तरसङ्गति अर्थात् भाव वा अर्थलाई पनि सिलसिलाबद्ध बनाएको छ । यसरी पाठका व्याकरणिक घटकहरू एक अर्कामा सम्बद्ध भएकाले कथाको भाषिक अभिव्यक्ति सार्थक रहेको छ ।*

**शब्दकुञ्जी:** संसक्ति, निदर्शन, लोप, प्रतिस्थापन, संयोजन

## विषय परिचय

'शत्रु 'शत्रु' को कथा हो । उनको (२०३९–१९०२) कथा विश्वेश्वरप्रसाद कोइराला 'कथामा जीवनमा कसैलाई शत्रु बनाएको सोच्ने वा अहम् भएका कृष्ण रायमाथि अज्ञात व्यक्तिबाट लट्ठी प्रहार भएपछि उनका मनमा भएका अन्तर्द्वन्द्व प्रस्तुत गरिएको छ ।

व्याकरणिक संसक्ति पाठभित्र उपवाक्य, वाक्य, अनुच्छेद र समग्र पाठबिचको व्याकरणिक सम्बन्ध पहिल्याउने माध्यम हो । व्याकरणिक संसक्तिअनुसार पाठभित्रका वाक्य, उपवाक्य, अनुच्छेदहरू क्रमिक रूपमा उनिएर आएका हुन्छन् । त्यसलाई कुनै न कुनै निदर्शकले जोडिरहेको हुन्छ । यदि पाठभित्र व्याकरणिक संसक्ति सुरुदेखि अन्तिमसम्म एक क्रममा उनिएर आउँदैन भने त्यो पाठ क्रमभङ्ग भएको मानिन्छ ।

व्याकरणिक संसक्तिका अनुसार पाठभित्र कुनै सन्दर्भ, निदर्शन, सार्वनामीकरण, लोप, प्रतिस्थापन आदिले व्याकरणिक संसक्तिको काम गरेको हुन्छ । प्रस्तुत लेखमा विश्वेश्वरप्रसाद कोइरालाको कथामा 'शत्रु' व्याकरणिक संसक्तिको प्रयोग खोज्ने मूल उद्देश्यराखिएको छ। कथामा प्रयोग गरिएका व्याकरणिक 'शत्रु' संसक्तिको खोजका बारेमा यस अघि खासै अध्ययन भएको पाइँदैन तथापि यस कथाका अन्य पक्षका बारेमा भने प्रशस्त अध्ययन भएको पाइन्छ। यसका लागि कथामा व्याकरणिक संसक्तिको प्रयोग कसरी 'शत्रु' गरिएको छ ? भन्ने मूल समस्याको समाधान खोजी निष्कर्ष निकालिएको छ।

## विधि

प्रस्तुत अध्ययन दस्तावेजको विश्लेषणमा आधारित गुणात्मक ढाँचाको अध्ययन हो । यसमा विश्वेश्वरप्रसाद कोइरालाको कथाको तथ्य प्रस्तुत गरी ती कथांशहरूको व्याकरणिक संसक्तिका 'शत्रु' आधारमा समीक्षात्मक विश्लेषण गरी निष्कर्षमा पुग्ने काम गरिएको छ। प्रस्तुत अध्ययनमा अनुसन्धानका विभिन्न ढाँचासँग सम्बन्धित पक्षमध्ये सोद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा कथामा 'शत्रु' कथा र त्यसमा व्याकरण 'शत्रु' व्याकरणिक संसक्तिको प्रयोगको पहिचान गरिएको छ। प्रस्तुत अध्ययनमा संसक्तिको अध्ययनका लागि त्यससँग सम्बन्धित विभिन्न कृति, लेखबाट तथ्य सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको प्रयोग गरिएको छ। यहाँ प्राप्त तथ्यको वर्णन गरी त्यसको पुष्टिका लागि कथाबाट तथ्य दिई निष्कर्ष निकाल्ने कार्य गरिएको छ।

## सैद्धान्तिक पर्याधार

व्याकरणिक संसक्ति सङ्कथन विश्लेषणको एक अङ्ग हो। व्याकरणिक संसक्ति (कोहेजन) भाषाका वाक्य र त्यसका विभिन्न अङ्ग नयाँ तिनीहरूको पारस्परिक सम्बन्ध खुट्याउने सम्बन्धकको समष्टि हो (पौडेल र पोख्रेल, २०७१,२१)। यस अन्तर्गत १. निदर्शन (रेफरेन्स)२. विलोप वा लोप (एलिप्सिस वा डिलिसन) ३. प्रतिस्थापन (सब्सिट्युसन) र ४. संयोजन (कन्ज्वाइनिङ्ग) आदि पर्दछन् (गौतम, २०६८, ५७६) । भाषामा भएको अर्थको सिलसिला बद्धताको अध्ययन गर्न संसक्ति उपयुक्त मानिन्छ।

### निदर्शन (रेफरेन्स)

व्याकरणअन्तर्गत कुनै विषयको निश्चित सत्ता वा स्थितिलाई सङ्केत गरिने कार्य निदर्शन हो। वक्ता वा लेखक (लुप्तवक्ता) ले श्रोता वा पाठकलाई कुनै वस्तु वा कुनै कुरा सङ्केत गर्न वा बुझाउन प्रयोग गरेको भाषिक रूपको प्रस्तुति निदर्शित प्रस्तुति (रिफरि एक्सप्रेसन) हो (गौतम, २०६८क, ८) । निदर्शित प्रस्तुतिले श्रोतालाई वक्ता वा प्रयोक्ताले सूचित गर्न चाहेको व्यक्ति, विषय वा स्थानलाई सङ्केत वा सूचित गर्दछ (ह्यालिडे, १९७९,११४)। यस्तो निर्देशित प्रस्तुतिलाई निदर्शन विन्दुले सूचित गर्दछ। वक्ता वा प्रयोगकर्ताले सूचित गर्न चाहेको व्यक्ति, विषय वा स्थानलाई निदर्शन विन्दु (रिफ्रेन्स प्वाइन्ट) र निदर्शन विन्दुलाई सूचित

गर्न आएका शब्दहरूलाई निदर्शक (सन्दर्भ सर्वनाम) भनिन्छ (गौतम, २०६८ख, ५७६)। त्यस्ता निदर्शक शब्दले व्यक्ति, विषय वा स्थानलाई सूचित गरेर निदर्शक (डेक्सिस) को काम गरेका हुन्छन् (ह्यालिडे, १९७९,११९)। भाषामा निर्देशकका रूपमा सर्वनाम शब्दहरू आएका हुन्छन् । सर्वनाम शब्दहरूले निदर्शन गर्ने विषय, स्थिति वा वस्तु निर्देशित विषय हुन् । निर्देशकले पाठभित्र र पाठबाहिरको विषयलाई सङ्केतित गरेका हुन्छन् (गौतम, २०६८ख, ५७६) । निदर्शन विन्दुलाई सूचित गर्न आएका शब्दहरू निदर्शक हुन् । यसका क. व्यक्तिवाचक निदर्शक ख. स्थानवाचक निदर्शक र ग. समयवाचक निदर्शक र घ. दर्शकवाचक निदर्शक गरी चार प्रकारका छन् ।

**लोप**

कुनै सान्दर्भिक पद वा पदावलीलाई सान्दर्भिक रूपमा लुप्त पार्ने काम लोप हो । कुनै संरचनाको पटकपटक प्रयोग नगरी अर्थग्रहण गर्ने तर सोही संरचनाको भने प्रयोग नगर्ने प्रक्रिया विलोपन/लोप (एलिसन / डिलिसन) हो (गौतम, २०६८ख, ५७८)। पाठमा लोप भएका तत्त्वलाई पाठकले पूर्व प्रसङ्ग र पर प्रसङ्ग आदिका माध्यमबाट अध्याहार गरेर बुझ्न सक्छ (पौडेल र पोख्रेल, २०७१,२४) । लोपले पाठलाई छोटो र कौतूहल युक्त बनाउने भएकाले सङ्कथनमा यसलाई अपरिहार्य मानिन्छ ।

**प्रतिस्थापन**

कुनै पहिले मानिसको कथन, कार्य, घटना, विवरण आदिको पुनरुक्तिको सट्टा त्यसका ठाउँमा निदर्शक (डेक्सिस)को प्रयोग प्रतिस्थापन भनिन्छ (गौतम, २०६८ख, ५७७) । उपवाक्य, वाक्य, अनुच्छेद, पाठ, जटील पदावली आदिको प्रतिस्थापन हुन्छ ।

**संयोजन**

दुई समान वा विपरित सन्दर्भका सन्दर्भलाई जोडी वाक्यमा सार्थक संयोजन गर्ने तत्त्व संयोजन हो । संयोजनले पाठमा दुई वा सोभन्दा बढी भाषिक एकाइलाई जोड्ने काम गर्छ (पौडेल र पोख्रेल, २०७१,२३) कुनै पाठभित्रका वाक्यभित्रका वाक्य र उपवाक्य, उपवाक्य र उपवाक्य आदिलाई संयोजकका माध्यमबाट प्रत्यक्ष र संयोजक बिना अप्रत्यक्ष रूपले जोड्ने काम संयोजनको हो ।

## छलफल र विश्लेषण

'शत्रु' कथामा व्याकरण संशक्तिको प्रयोगका सम्बन्धमा अध्ययन गर्न कथांशहरू प्रस्तुत गरी निदर्शन, विलोप वा लोप, प्रतिस्थापन र संयोजन उपशीर्षकमा यसप्रकार अध्ययन गरिएको छः

**चित्र १**

*'शत्रु' कथाको कथांश १ को व्याकरणिक संसक्ति सङ्केतन*

(१) (क) *आँखामा* राखे पनि नबिझाउने भन्ने (ख) उखान कसैका[१] निमित्त उपयुक्त हुन्थ्यो भने (ग) कृष्ण राय[२]को निमित्त हुन्थ्यो । (२) ४५ वर्षका[२१] कृष्ण राय[२] गाउँका सबभन्दा भद्र मानिस थिए । (३) तिनले[२] यता १०-१२ वर्षदेखि *गाउँभन्दा* बहिर पाइलो राखेका थिएनन्[३] । (४) यसैबाट[३] तिनको[२] शान्त स्वभावको परिचय हुन्छ । (५) (क) कसैलाई[४] कर्जा[६] दिनु (ख) तिनी[२] आफ्नो[५] सिद्धान्तको विरुद्ध ठान्ने । (६) (क) तिनका[२] मत अनुसार *कर्जामा*[४] गएको रुपियाँ आफू[५] आउँदा झगडा बोकी ल्याउँछ तर (ख) *दुःख परेको बखतमा* 'राजद्वारे श्मशाने' च तिनी[२] गाउँलेको सहायतामा प्रस्तुत रहन्थे । (७) (क) जनक कुमारी[७]को एक्लो छोरा[८] मर्दा (ख) जनक कुमारी[७]को पिरभन्दा (ग) तिनको[२] सान्त्वनाले त्यहाँ[९] भएका मान्छेहरू[१०]को आँखामा आँसु ल्यायो । (८) (क) गाउँलेहरू[११]मा झगडा पर्‍यो भने (ख) तिनी[२] नै मध्यस्थ हुन्थे । (९) तिनले[२] गरेको फैसलाले कोही पनि[१२] असन्तुष्ट भएको देखिँदैनथ्यो । (१०) (क) आफ्नो[२] *घरबाट* कम निस्कन्थे र (ख) निस्केको दिन कि त कसैकहाँ[१३] मृत्य भएछ कि (ग) झगडा भएछ भनी ठान्नु पर्थ्यो, (घ) *सडकमा* सब जना[१३] अदबसँग तिनको[२] अभिवादन गर्थे ।

**निदर्शन**

माथिको कथांशमा आएको[१-१३] सम्म सङ्ख्या लगाइएका शब्दहरू निदर्शन हुन् । ती शब्दहरूले सन्दर्भमा सहभागीहरूले क्रिया प्रतिक्रिया गर्ने स्थान समय, कर्मव्यापार आदिलाई निदर्शन गरेका छन् । ती निदर्शनहरूले खास निदर्शन विन्दुलाई सङ्केत गरेका छन् ।

माथिको कथांशमा आएका तिनले[२], तिनको[२], तिनी[२], आफू[२], कृष्ण राय[२] जनक कुमारी[७], आफ्नो[२] आदि व्यक्तिवाचक निदर्शक हुन् । माथिको कथांशमा आएका आफू[२], आफ्नो[२], आफ्नो[२] आदि प्रथम पुरुष वाचक निदर्शकका रूपमा आएका छन् । त्यसैगरी कृष्ण राय[२], तिनले[२] तिनको[२], कसैलाई[४], जनक कुमारी[७], एक्लो छोरो[८] र मान्छेहरू[१०], गाउँलेहरू[११], कोही[१२], कसैकहाँ[१३] आदि तृतीय पुरुष वाचक सर्वनाम हुन् । पात्रलाई तलदेखि माथिसम्म एउटै सन्दर्भमा जोडेका छन् । त्यसैगरी माथिको कथांशमा आएका गाउँ, कर्जामा, त्यहाँ, आँखामा, कसैकहाँ[१३], आदि स्थान वाचक निदर्शकका रूपमा आएका छन् र तिनले कथामा परिवेशको सङ्केत गरेका छन् । यसैगरी आएको यता१०–१२वर्ष देखि[३] र दुःख परेको बखतमा समय वाचक निदर्शक भएर आएका छन् र यिनले कथामा घटित घटनाको समयको सन्दर्भन गरेको छ ।

माथिका कथांशमा आएका कसैलाई[४], जनक कुमारी[७], एक्लो छोरो[८] र मान्छेहरू[१०], गाउँलेहरू[११], कोही[१२], कसैकहाँ[१३] आदि सामाजिक निदर्शक भई बाह्य सन्दर्भन गरेका छन् । भने तिनले सङ्केत गरेका विषय तथा सन्दर्भ पाठक र तथा श्रोतामा रहने पूर्वज्ञानमा आधारित छन् । त्यसले कथामा समाख्यातासहित पाठको पनि भूमिका ग्रहण गरेको छ । यसले कथाले पात्रलाई पनि कथाको पाठमा समावेश गरेको देखिन्छ । त्यसैगरी कृष्ण राय[२] पछि आएका तिनले[२] तिनको[२] तिनी[२], तिनका[२] पूर्व सन्भर्दकको काम गरेका छन् । त्यसले

कथाको मूल घटना हुनुभन्दा पहिला कुनै घटना घटेको सन्दर्भलाई केहेन्सका रूपमा आएको छ भन्ने देखाएको छ ।

**लोप**

माथिको कथांशमा लोपको प्रयोग कम मात्रामा गरिएको छ । यस कथांशको वाक्य १०मा आएको आफ्नो घरबाट (तिनी[२]) कम निस्कन्थे र निस्केको दिन कि त कसैकहाँ मृत्यु भएछ कि झगडा भएछ भनी ठान्नु पर्थ्यो, वाक्यमा कर्ता (तिनी[२]) लोप भएको छ ।

**प्रतिस्थापन**

माथिको कथांशमा भएको वाक्य २ तिनले[२]यता[१०–१२] वर्षदेखि गाउँभन्दा बहिर पाइलो राखेको थिएनन्[३] । वाक्य ३ यसै[३]बाट तिनको[२] शान्त स्वभावको परिचय हुन्छ,मा यता[१०–१२] वर्षदेखि गाउँभन्दा बहिर पाइलो राखेका थिएनन् लाई अर्को वाक्यको यसै[३] ले पूर्ववाक्यलाई प्रतिस्थापन गरेको छ । अर्थात् यसैले[३] पहिलो वाक्यलाई प्रतिस्थापन गरेको छ ।

**संयोजन**

माथिको वाक्यमा आएका वाक्य १ र २ लाई विस्तारले, वाक्य २ र वाक्य ३ लाई समयले, वाक्य ३ र ४ लाई परिणामले, वाक्य ४ र ५ लाई योगात्मकले, वाक्य ५ र ६ लाई परिणामले, वाक्य ६ र ७ लाई परिणामले वाक्य ७ र ८ लाई विस्तारले, वाक्य ८ र ९ लाई विस्तारले, वाक्य ९ र १० लाई परिणामले संयोजनले जोडेका छन् । यसले गर्दा अनुच्छेद भरी व्याकरणिक संसक्ति युक्त रहेको छ । साथै यस अनुच्छेदमा आएको वाक्य ६को उपवाक्य (क) र (ख)लाई 'तर' विपरीत बोधक तरले जोडेको छ । वाक्य ८ को उपवाक्य (क) र (ख) लाई परिणामबोधक 'भन्दा'ले जोडेको छ । वाक्य ७ को उपवाक्य (क) र (ख) लाई व्याख्यात्मक बोधक 'भने'ले जोडेको छ । वाक्य ८ को उपवाक्य (क) र (ख) लाई अन्तर्गुम्फनले, वाक्य १० को उपवाक्य (क) र (ख)लाई 'र' परिणाम वोधकले, उपवाक्य (ख) र (ग)लाई कारण कार्यबोधक 'कि'ले उपवाक्य (ग) र (घ)लाई विकल्पबोधक 'भनी' परिणाम बोधक अर्धविराम जस्ता चिह्नले जोडेको पाइन्छ ।

**चित्र २**

*'शत्रु' कथाको कथांश २ को व्याकरणिक संसक्ति सङ्केतन*

(१) (क) कृष्ण राय[२]लाई सब प्रकारको सुख थियो- (ख) Ø धनको Ø, (ग) Ø यसको Ø र (घ) Ø सम्मानको Ø २. (क) तिनका[२] सन्तान थिएनन्[१४] तर (ख) यस[१४] अभावलाई तिनको[२] आफ्नो[२] एउटा *टाढा*को भतिजोलाई[१५] पाली पूर्ति गरेका थिए ।

**निदर्शन (रेफरेनस)**

माथिको कथांश २ मा कथांश १ कै कृष्ण राय[२] यस[१४] तिनको[२] आफ्नो[२] आएका छन् भने एउटा टाढाको भतिजोलाई[१५] नयाँ शब्द निदर्शकका रूपमा आएका छ । यिनले कुनै सन्दर्भ र व्यक्तिलाई निदर्शन गरेका छन् । यहाँ आएका कृष्णराय, तिनका[२], तिनले[२], आफ्नो[२], भतिजो[१५], व्यक्ति वाचक निदर्शकका रूपमा रहेका छन् ।

आएको आफ्नो[२] प्रथम पुरुष वाचक निदर्शक हो । यसले कृष्ण राय२लाई सङ्केत गरेको छ । तिनका[२] तिनले[२], भतिजो[१५], कृष्ण राय[२] तृतीय पुरुष वाचक तथा सामाजिक निदर्शकमा रूपमा आएका छन् । त्यस्तै टाढाको[१५] स्थान वाचक निदर्शकमा रूपमा आएको छ । यिनले समाजका व्यक्तिलाई सङ्केत गरेका छन् । यिनले कृति भित्रको समाज र कृति बाहिरको समाजलाई निदर्शन गरेका छन् । यसैगरी एउटा टाढाको भतिजो[१५] बहिः सन्दर्भित निदर्शन आएको छ । त्यस्तै तिनका[२] तिनले[२] एउटा टाढाको[१५] जस्ता सार्वनामीकरणले पाठगत पुनरुक्ति रोकेका छन् ।

**लोप**

प्रस्तुत कथांशको वाक्य १ मा लोपको प्रयोग गरिएको छ । वाक्य १ को उपवाक्य (ख) (ग) र (घ) मा लोपको प्रयोग गरिएको छ । माथिको वाक्य १को कृष्ण राय[२]लाई सब प्रकारको सुख थियो – (ख) Ø धनको **Ø,** (ग) Ø यसको **Ø** र (घ) **Ø** सम्मानको **Ø** मा (उनलाई) धनको (सुख थियो) (उनलाई) यशको (सुख थियो) (उनलाई) सम्मानको (सुख थियो) कोष्ठमा दिइएका सन्दर्भहरूलाई लोप गरी कृष्ण राय[२] लाई सब प्रकारको सुख थियो धनको, यशको र सम्मानको बनाएको छ ।

**प्रतिस्थापन**

माथिको कथांश २ को वाक्य २ मा प्रतिस्थापन गरिएको छ । यहाँ तिनका२ सन्तान थिएनन[१४] तर यस१४ अभावलाई तिनले२ आफ्नो एउटा टाढाको भतिजोलाई पाली पूर्ति गरेका थिए । यस वाक्यको पहिलो उपवाक्यलाई दोस्रो उपवाक्यको सुरुमा यस १४ ले प्रतिस्थापन गरेको छ ।

**संयोजन**

माथिको वाक्यमा आएका वाक्य १ र २ लाई व्यक्तिरेक संयाजनले जोडेको छ । प्रस्तुत कथांशको वाक्य १ को उपवाक्य (क) र (ख) लाई अन्तर्गुम्फनले उपवाक्य (ख) र (ग) लाई गुम्फनले उपवाक्य (ग) र (घ) लाई गुम्फनले संयोजन गरेको छ । वाक्य २ को उपवाक्य (क) र (ख) लाई तर व्यतिरेकले संयोजन गरेको छ ।

**चित्र ३**

*'शत्रु' कथाको कथांश ३ को व्याकरणिक संसक्ति सङ्केतन*

**कथांश ३**

(१) *एक रात* तिनी[२] खाई पिई सुत्ने यत्न गरिरहेका थिए । (२) तिनका[२] मनमा धेरै प्रकारका विचार आउन थाले । (३) तिनको[२] जीवन कसैले[१६] असफल भन्न सक्तैन । (४) सानोतिनो पूँजी पनि कमाई हालेका थिए । (५) (क) रुपियाँ जम्मा गर्दा (क) अरुहरूले[१७] गरे जस्तो रैतीहरू[६१]लाई पिर पनि पारेनन् । (६) (क) तिनको[२] कोही[१८] बैरी थिएन, (ख) यही तिनको[२] सन्तोषको ठुलो कारण थियो । (७) *४५ वर्षको यत्रो लामो जीवनमा*[२२] तिनले[२] कसैलाई[१९] आफ्नो[२] शत्रु बनाएनन्[६२] । (८) (क) यस[६२] कल्पनाले तिनको[२] तन्द्राको सुख बढाई रहेको बेलामा (ख) तिनी[२]माथि लट्ठीको प्रहार[२०] पर्‍यो । (९) संयोगवश लट्ठीको[२०] मुख्य चोट तिनी[२]माथि परेन । (१०) (क) प्रकार कर्ताले[२१] तिनी[२]माथि प्रहार गरेको हो (ख) कि *भित्ता*माथि[१९]- (ग) यो[१९] छुट्याउन गाहारो थियो ।

**निदर्शन**

माथिको कथांश ३ मा आएका तिनी[२] तिनको[२]कसैले[१६] अरुहरूले[१७] कोही[१८] कसैलाई[१९] प्रहार कर्ता[२०] यो[२] निदर्शन हुन् । यी सर्वनामहरूले लट्ठी प्रहारको घटनामा प्रयुक्त व्यक्ति, सन्दर्भ, घटना आदिलाई सङ्केत गरेका छन् । त्यस्तै कथांश १ र २ मा आएका तिनी[२], तिनका[२], तिनको[२२] जस्ता निदर्शकको यहाँ पनि निरन्तरता रहेको छ भने प्रहार कर्ता[२०], यो[२१] जस्ता तृतीय पुरुष वाचक निदर्शक आएर तृतीय पुरुष अज्ञान व्यक्तिलाई सङ्केत गरेका छन् । त्यसैगरी एक रात, ४५ वर्षको यत्रो लामो जीवनमा[२२], कल्पनाले तिनको तन्द्रको सुख बढाई रहेको बेलामा[२३] समय वाचक निर्दन हुन् । यी निदर्शनले लट्ठी प्रहारको घटना घटेको मुख्य एक रात हो र त्यसको केन्द्र कृष्णराय हुन् भन्ने स्पष्ट पारेको हुन्छ ।

त्यसैगरी यहाँ कथांश १ र २ मा एका माथिको कथांश ३ मा आएका कसैले[१६], अरुहरू[१७], कोही[१८], कसैलाई[१९] जस्ता सामाजिक सन्दर्भनहरू पनि आएका छन् भने प्रहार कर्ता[२०], नयाँ निदर्शक आएको छ । यिनले पाठभित्र र पाठ बाहिरका सामाजिक सन्दर्भलाई निदर्शन गरेका छन् । यिनले खास प्रहारकर्ता हो हुन् भन्ने चाहिँ निश्चित गरिएको छैन तर पनि पाठक वा श्रोताको संज्ञान सामाजिक सन्दर्भले पुष्टि गरेको पाइन्छ ।

**लोप**

माथिको कथांश ३ मा आएका वाक्य (४) **Ø** सानोतिनो पूँजी पनि कमाई हालेका थिए । (५) (क) **Ø**रुपियाँ जम्मा गर्दा (क) अरुहरूले[१७] गरे जस्तो रैतीहरू[६]लाई पिर पनि पारेनन् । (१०) (क) प्रहार कर्ताले[२१] तिनी[२]माथि प्रहार गरेको हो (ख) **Ø** कि भित्तामाथि[१९]– (ग) यो[१९] छुट्याउन गाहारो थियो । वाक्यहरू क्रमशः ४. मा (तिनले[२]) ५. उपवाक्य (क) मा (तिनले[२]) र वाक्य १०को उपवाक्य (ख) मा (प्रहार कर्ताले[२१]) शब्दको लोप गरिएको छ ।

### प्रतिस्थापन

माथिको कथांश ३ मा आएका वाक्य (६) (क) तिनको[२] कोही[१८] बैरी थिएन, (ख) यही तिनको[२] सन्तोषको ठुलो कारण थियो । (७) ४५ वर्षको यत्रो लामो जीवनमा[२२]तिनले[२] कसैलाई[१९] आफ्नो[२] शत्रु बनाएनन्[६२] । (८) (क) यस[६२]कल्पनाले तिनको[२] तन्द्राको सुख बढाई रहेको बेलामा (ख) तिनी[२]माथि लट्ठीको प्रहार[२०] पर्‍यो । (९) संयोगवश लट्ठीको[२०] मुख्य चोट तिनी[२]माथि परेन । (१०) (क) प्रकार कर्ताले[२१] तिनी२माथि प्रहार गरेको हो (ख) कि भित्तामाथि[२९]– (ग) यो[२१] छुट्याउन गाहारो थियो । माथिको वाक्य६को उपवाक्य (ख) मा आएको (यो)[२१] ले त्यसभन्दा अगाडि आएको वाक्यलाई प्रतिस्थापन गरेको छ । वाक्य ८को उपवाक्य (क) मा आएको यसले वाक्य ७लाई प्रतिस्थापन गरेको छ । वाक्य १०को उपवक्य (ग) मा आएको यो ले वाक्य (८) वाक्य (९) र वाक्य (१०)को (क) र (ख) उपवाक्यलाई प्रतिस्थापन गरेको छ ।

### संयोजन

माथिको कथांशका ३ मा आएका वाक्य १ र २ लाई योगात्मकले, वाक्य २ र ३ लाई योगात्मकले, वाक्य ३ र ४ लाई बिस्तारले, वाक्य ४ र ५ लाई विस्तारले, वाक्य ५ र ६ लाई बिस्तारले, वाक्य ६ र ७ लाई बिस्तारले वाक्य ७ र ८ लाई बिस्तारले, वाक्य ८ र ९ लाई व्यक्तिरेकले र वाक्य ९ र १० लाई परिणामले एक आपसमा जोडेको छ । यसैगरी वाक्य ५ को उपवाक्य (क) र (ख) लाई व्याख्यात्मकले वाक्य ६ को उपवाक्य (क) र (ख) लाई व्याख्यात्मकले वाक्य ८ को उपवाक्य (क) र (ख) लाई विपरीतताले वाक्य १० को उपवाक्य (क) र (ख) लाई अन्तर्गम्फनले उपवाक्य (ख) र (ग) लाई व्याख्यात्मकले जोडेको छ ।

**चित्र ४**

*'शत्रु' कथाको कथांश ४ को व्याकरणिक संसक्ति सङ्केतन*

**कथांश ४**

(१) (क) कृष्ण राय[२] जुरमुरिँदै उठे, (ख) *तबसम्म* ϕ ϕआक्रमणकारी[२०] भागि सकेको थियो । (२) (क) मलाई[२] कसले[२०] यसरी[१६] आक्रमण गर्‍यो होला ? (ख) तिनी[२] विचार गर्न थाले । (३) (क) यस[२१] जीवनमा मैले[२] कसैलाई[१७] आफ्नो शत्रु बनाइँन, (ख)ϕ झगडा फसादमा रहिनँ । (४) (क) कृष्ण राय[२]लाई पहिले त कसैले[१७] आक्रमण गरेको हो (ख) भन्ने कुरामा विश्वास भएन, (ग) ϕसब तन्द्रा अवस्थामा भ्रम जस्तो लाग्यो, तर (घ) *भित्ता*मा लागेर भाँचिएको लट्ठीको[१९] टुक्रा त भ्रम हुन सक्तैन । (५) (क) कृष्ण राय[२]ले *बिछ्यौनाबाट* निहुरीकन त्यस टुक्रालाई टिपे, (ख) ϕ हेरेर ϕ गम्न थाले- (ग) को[२०] मेरो[२] शत्रु हुन सक्छ ?

### निदर्शन

माथिको कथांश ४ मा आएका कृष्ण राय[२], आक्रमणकारी[२०], मलाई[२], कसले[३], यसरी[१६], तिनी[२] यस जीवनमा[२], मैले[२], कसैलाई[१७], कसले[१७] लट्ठीको टुक्रा[१९], को[२०], मेरो[२] निदर्शन हुन् । यिनले पाठ भित्र र बाहिरका सामाजिक, वैयक्तिक, घटना प्रसङ्ग आदिलाई निदर्शन गरेका छन् । यस्तै यहाँ आएका मलाई[२],

**Haimaprabha** (A Trilingual, Non-Predatory, Peer-reviewed, NepJOL indexed Journal)
Vol.- 1 Number 22, 2023 Pp. 79-96 ISSN : 2392-4764 (P)

मैले[२], मेरो[२] प्रमथ पुरुष वाचक सर्वनामको काम गरेका छन् र ती सबैले मुख्य सहभागी कृष्ण राय२लाई बुझाएका छन् । त्यस्तै भित्तामा, बिछयौना स्थान वाचक निदर्शकको काम गरेका छन् । यसबाट कथाको मुख्य घटनाको परिवेश घरभित्र रहेको छ भन्ने पुष्टि गरेको छ । त्यस्तै आक्रमणकारी[२०], कसले[२०], कसैलाई[१७], कसैले[१७] सामाजिक सन्दर्भ निदर्शक हुन् । यिनले पाठभन्दा बहिरका सामाजिक सन्दर्भका निदर्शन गरेका छन् ।

**लोप**

माथिको कथांश ४ मा आएका वाक्यहरूमा (१) (क) कृष्ण राय[२] जुरमुरिँदै उठे, (ख) तबसम्म आक्रमणकारी[२०] भागिसकेको थियो । (३) (क) यस[२१] जीवनमा मैले[२] कसैलाई[१७] आफ्नो शत्रु बनाइनँ, (ख)झगडा फसादमा रहिनँ । (४) (क) कृष्ण राय[२]लाई पहिले त कसैले[१७] आक्रमण गरेको हो (ख) भन्ने कुरामा विश्वास भएन, (ग) सब तन्द्रा अवस्थामा भ्रम जस्तो लाग्यो, तर (घ) भित्तामा लागेर भाँचिएको लट्ठीको[११] टुक्रा त भ्रम हुन सक्तैन । (५) (क) कृष्ण राय[२]ले बिछयौनाबाट निहुरीकन त्यस टुक्रालाई टिपे, (ख) हेरेर गम्न थाले– (ग) को[२०] मेरो[२] शत्रु हुन सक्छ ? वाक्य १.को उपवाक्य (ख) मा (उनलाई)[२] (आक्रमण गर्ने) शब्द लोप भएका छन् । वाक्य ३. को उपवाक्य (ख) मा (म)[२] र (पनि) शब्द लोप भएका छन् । वाक्य (४) उपवाक्य (ग) मा (उनलाई)[२] लोप भएको छ । वाक्य ५. उपवाक्य (ख) (उनले) र (उनी)[२] शब्द लोप भएका छन् ।

**प्रतिस्थापन**

माथिको वाक्य २ मा आएको यसरी[१६]ले यसभन्दा अगाडिका लट्ठी प्रहारको घटनालाई प्रतिस्थापन गरेको छ । यस वाक्यको यसरी[१६]ले वाक्य१लाई प्रतिस्थापन गरेको छ ।

**संयोजन**

माथिको कथांश ४ मा आएका वाक्य १ र २ लाई विस्तारले, वाक्य २ र ३ लाई विस्तारले वाक्य ३ र ४ लाई योगात्मकले वाक्य ४ र ५ लाई विस्तारले संयोजन गरेको पाइन्छ । वाक्य १ को उपवाक्य (क) र (ख) लाई विपरीत वोधकले वाक्य २ को उपवाक्य (क) र (ख) लाई व्याख्यात्मकले वाक्य ३ को उपवाक्य (क) र (ख) लाई व्याख्यात्मकले जोडेको छ । वाक्य ४को उपवाक्य (क) र (ख) लाई परिणाम बोधकले उपवाक्य (ख) र (ग) लाई विपरीत वोधकले जोडेको छ । वाक्य ५ को उपवाक्य (क) र (ख) लाई कार्यकारण वोधकले र उपवाक्य (ख) र (ग) लाई व्याख्यात्मकले संयोजन गरेको छ ।

**Haimaprabha** (A Trilingual, Non-Predatory, Peer-reviewed, NepJOL indexed Journal)
Vol.- 1 Number 22, 2023 Pp. 79-96 ISSN : 2392-4764 (P)

**चित्र ५**

*'शत्रु' कथाको कथांश ५ को व्याकरणिक संसक्ति सङ्केतन*

**कथांश ५**

(१) धेरै घोरिँदा तिन[२]लाई यस[२१] रहस्यको सुइँको पाएको जस्तो लाग्यो । (२) (क) आजै बिहान[२३] एउटा काम बिगार्दा (ख) रामे[२२] भन्ने नोकर[२२]माथि तिनी[२] रिसाएका थिए । (३) (क) नोकर[२२]को के ठेगान, (ख) झोँक उठ्यो होला र (ग) मालिक[२]लाई हान्न हिँड्यो होला । (४) (क) नोकर[२२]सित झर्कदा (ख) तिनले[२] उसको[२२] मुख रातो भएको देखेका थिए । (५) (क) उनलाई[२] के थाहा (ख) रिसले रातो भएको रहेछ तर (ग) ऊ[२२] केही अचाक्ली गरी रिसाएको थिएन । (६) (क) यत्रो पुरानो नोकर[२२]ले त्यति[२३] हप्की पाउँदा (ख) मालिक[२]लाई मार्न नहिँड्नु पर्ने । (७) (क) रामेले[२२] योभन्दा[२३] ठुलो ठुलो गाली सहेको थियो र (क) आजको[२३] झटनीले त्यसको[२२] धैर्यको अन्त नगर्नु पर्ने । (८) (क) तर मनुष्यको स्वभाव कसले[२४] जान्न सक्छ र ? (ख) रामे[२२] नभए अरु को[२५] मेरो[२] शत्रु होला ? (ग) हो न हो, (घ) यो[१९] रामेको[२२] काम हैन (ङ) बलभद्र[२६]को काम हो । (९) (क) कारण, अस्ति हिसाब गोलमाल गरेर मालिक[२]लाई ठग्न खोज्दा (ख) कृष्ण राय[२]ले तिनलाई[२६] फेला पारी लज्जित पारेका थिए । (१०) (क) आखिर बलभद्रको[२६] समाजमा आदर थियो, (ख) गाउँलेहरू[२७] तिनलाई[२६] इज्जत गर्थे । (११) (क) कृष्ण राय[२]ले तिनलाई[२६] बेइज्जती गरेको (ख) तिनले[२६]सहन सकेनन् होला र (ग) आज राति बदला लिन आएका होलान् । (१२) कृष्ण राय[२] विचार गर्दै थिए । (१३) अस्तिको नोकरी खोज्दै आएको युवक[२८]को ध्यान तिनलाई[२] आउन थाल्यो । (१४) (क) बिचरा खान नपाएर तिनी[२]कहाँ आएको थियो, (ख) काम लाउन छोडेर (ग) तिनले[२]उसलाई[२८] उपदेश दिन थाले । (१५) (क) कुरामा कुरा चल्दा कृष्ण राय[२]ले उसलाई[२८] अप्रिय शब्द भने, (ख) त्यस युवकले[२८] यो[४३] निश्चय नै मन पराएन होला । (१६) (क) त्यो[२८] बडो स्वाभिमानी होला जस्तो थियो, (ख) त्यस्तालाई कठोर शब्द[२९] असाध्य बिझ्छ र (ग) धेरै दिनसम्म इख लिइ रहन्छन् । (१७) कृष्ण राय[२]को <u>एउटा अत्यन्त नराम्रो बानी छ</u> [४४]। (१८) (क) आफूलाई[२] अकलुषित र दुर्गुण रहित भनी ठान्ने (ख) कृष्ण राय[२]लाई आफ्नो एउटा ठुलो दोषको सम्झना भयो । (१९) <u>समय असमायमा तिनी[२] अर्कालाई आदेश र सल्लाह दिइ</u>[४४] रहन्छन् । (२०) नाहक कृष्ण राय[२] यस[४४] दुर्गुणलाई[४४] गुण ठानेर अङ्कमाल गरि रहेका थिए ।

## निदर्शन

माथिको कथांशमा आएका तिनलाई[२], यस[२१], रामे[२२], नोकर[२१], तिनी[२२], नोकर[२२], मालिक[२], नोकर[२२], तिनले[२], उसको[२२], उनलाई[२], ऊ[२], नोकरले[२२], त्यति[२९], रामेले[२२], यो भन्दा[२३], आजको[२३], त्यसको[२२], कसले[२४], रामे[२२], को[२५], मेरा[२], यो[१९], रामेको[२२], बलभद्र[२६], मालिकलाई[२], कृष्ण राय[२], तिनलाई[२६], बलभद्र[२६], नोकरी खोज्दै आएको युवकको[२८], तिनकहाँ[२], तिनले[२], उनलाई[२८], उसलाई[२८], त्यस युवक[२८], उपदेश[४३], यो[४३], त्यो[२८], त्यस्तालाई[२९], एउटा अत्यन्त नराम्रो बानी यस[४४], आदि निदर्शकका रूपमा आएका छन् । यी निदर्शनहरूले व्यक्ति वाचकका प्रथम पुरुष, तृतीय पुरुष, सामाजिक सन्दर्भन, समगत सन्दर्भन सामाजिक सन्दर्भ र घटना परिवेश, पाठगत र पाठ बहिः सन्दर्भगत सन्दर्भलाई निदर्शन गरेका छन् । यहाँ मेरा[२] प्रथम पुरुष वाचक निदर्शकले कृष्ण राय[२]लाई निदर्शन गरेको छ । त्यसबाहेक अरु सबै तृतीय पुरुष वाचक निदर्शकका रूपमा आएको छ । त्यस्तै आज बिहान[२३], आजको[२३] अस्ति, आज राति, अस्तिको, धेरै दिनसम्म, समय असमयमा जस्ता निदर्शकले समय वाचक निदर्शकको काम गरेका छन् । त्यसैगरी तिनलाई[२], यस[२१], रामे[२२], नोकर[२१],

तिनी[२२], नोकर[२२], मालिक[२], नोकर[२२], तिनले[२], उसको[२२], उनलाई[२], ऊ[२], नोकरले[२२], त्यति[२१], रामेले[२२], यो भन्दा[२३], आजको[२३], त्यसको[२२], कसले[२४], रामे[२२], को[२५], मेरा[२], यो[११], रामेको[२२], बलभद्र[२६], मालिकलाई[२], कृष्ण राय[२], तिनलाई[२६], बलभद्र[२६], नोकरी खोज्दै आएको युवकको[२८], तिनकहाँ[२], तिनले[२], उनलाई[२८], उसलाई[२८], त्यस युवक[२८], उपदेश[४३], यो[४३], त्यो[२८], त्यस्तालाई[२१], एउटा अत्यन्त नराम्रो बानी यस[४४] अन्तः सन्दर्भित सामाजिक सन्दर्भको निदर्शकको काम गरेका छन् ।

**लोप**

माथिको कथांश ४ मा आएका वाक्य ३. नोकरको के ठेगान झोँक उठ्यो होला र मालिकलाई हान्न हिँड्यो होला? वाक्य ५. उनलाई के थाहा[२२] रिसले रातो भएको रहेछ । वाक्य ११. कृष्ण राय[२]ले तिनलाई बेइज्जती गरेको तिनले२ सहन सकेनन् होला र आज राति[२६] बदला लिन आएका होलान् । वाक्य १२. कृष्ण राय[२] विचार गर्दै थिए । वाक्य १४. बिचरा[२८] खान नपाएर तिनकहाँ आएको थियो[२८], काम लाउन छोडेर तिनले२ उसलाई उपदेश दिन थाले जस्ता वाक्यहरूमा लोपको प्रयोग गरिएको छ । यहाँ क्रमशः वाक्य ३. को उपवाक्य (क) मा (उसलाई)[२२] उपवाक्य (ख) मा (ऊ)[२२] वाक्य ४ को उपवाक्य (क) मा कृष्णराय  वाक्य ५. को उपवाक्य (क) मा (?) उपवाक्य (ख) मा र (ऊ)[२२] वाक्य ६ को उपवाक्य (क) मा मेरो  वाक्य ९ को उपवाक्य (क) मा उसले वाक्य ११. को उपवाक्य (ग) मा (ऊ)[२६] र (उनीसँग)[२] वाक्य १२. को उपवाक्य (क) मा (यो)[२२] वाक्य १४. को उपवाक्य (क) मा  (त्यो युवक)[२८] र त्यो उपवाक्य (ख) मा (उसलाई)[२८] जस्ता सन्दर्भ लोप भएका  छन् ।

**प्रतिस्थापन**

माथिको कथांश ४ मा वाक्य १७. कृष्ण राय[२]को एउटा अत्यन्त नराम्रो बानी छ । भन्ने सन्दर्भ दिइएको छ । तर त्यसको सन्दर्भ चाँहि वाक्य १८. मा दिएको छ । त्यस सन्दर्भको खोलुवा वाक्य १८ मा आफूलाई अकलुषित र दुर्गुण रहित भनी ठान्ने कृष्ण राय[२]लाई आफ्नो एउटा ठुलो दोषको सम्झाना भयो । वाक्य १९. मा समय असमयमा तिनी[२] अर्कालाई आदेश र सल्लाह दिई रहन्छन् । भनी वाक्य १७ र १८ को पूर्वसन्दर्भनको खोलुवा दिएको छ ।

**संयोजन**

माथिको कथांश ४ मा आएका वाक्य १ र २ लाई समयले वाक्य २ र ३ लाई सर्तले वाक्य ३ र ४ लाई विस्तारले वाक्य ४ र ५ लाई विस्तारले वाक्य ५ र ६ लाई विस्तारले वाक्य ६ र ७ लाई विस्तारले वाक्य ७ र ८ लाई विस्तारले वाक्य ८ र ९ लाई योगात्मकले वाक्य ९ र १०लाई विस्तारले वाक्य १० र ११ लाई विस्तारले वाक्य ११ र १२ लाई सर्तले वाक्य १२ र १३ लाई विस्तारले वाक्य १३ र १४लाई विस्तारले वाक्य १४ र १५लाई परिमाणात्मकले वाक्य १५ र १६ लाई विस्तारले वाक्य १६ र १७लाई योगात्मकले वाक्य १७

र १८ लाई विस्तारले वाक्य १८ र १९ लाई योगात्मकले वाक्य १९ र २०लाई परिमाणात्मकले संयोजन गरेको पाइन्छ । माथिको वाक्य २ को उपवाक्य (क) र (ख) लाई कार्य कारण वाचकताले वाक्य ३ को उपवाक्य (क) र (ख) लाई याख्यात्मकले उपवाक्य (ख) र (ग) लाई कार्य कारण वाचकताले वाक्य ४ को उपवाक्य (क) र (ख) लाई परिमाणात्मकताले संयोजन गरेको पाइन्छ । वाक्य ५ को उपवाक्य (क) र (ख) लाई कार्य कारणात्मकताले उपकाक्य (ख) र (ग) लाई विकल्पात्मकले संयोजन गरिएको छ । वाक्य ६ को उपवाक्य (क) र (ख) लाई परिमाणात्मकताले संयोजन गरेको छ । वाक्य ७ को उपवाक्य (क) र (ख) लाई कारण वाचकताले वाक्य ८ को उपवाक्य (क) र (ख) लाई कारण वाचकताले संयोजन गरेको छ । वाक्य ९ को उपवाक्य (क) र (ख) लाई परिणामात्मकताले संयोजन गरेको छ । वाक्य १० को उपवाक्य (क) र (ख) लाई व्याख्यात्मकताले वाक्य ११ को उपवाक्य (क) र (ख) लाई परिणामात्मकताले उपवाक्य (ख) र (ग) लाई परिणामात्मकताले जोडेको छ । वाक्य १४ को उपवाक्य (क) र (ख) लाई विरोधसूचकताले संयोजन गरेको छ । वाक्य १५ को उपवाक्य (क) र (ख) लाई परिणामात्मकताले संयोजन गरेको छ । वाक्य १६ को उपवाक्य (क) र (ख) लाई व्याख्यात्मकताले उपवाक्य (ख) र (ग) लाई परिणामात्मकताले संयोजन गरिएको छ । वाक्य १८ को उपवाक्य (क) र (ख) लाई सन्दर्भ सूचकताले संयोजन गरिएको छ ।

**चित्र ६**

*'शत्रु' कथाको कथांश ६ को व्याकरणिक संसक्ति सङ्केतन*

**कथांश ६**

(१) कृष्ण राय[२] धेरै झगडामा माध्यस्थ भएका थिए[३०] । (२) (क) यो[३०] बडो गर्वको कुरा हो, (ख) गाउँले[११] तिनी[२]माथि नै विश्वास गरी तिनलाई झगडा मध्यस्थ[३१] तुल्याउँथे । (३) (क) यसैले[३१] पनि तिनको[२] *गाउँमा* धेरै सम्मान थियो तर (ख) निश्चय नै यो[३१] कामले तिनलाई[२] धेरैको मन नपरेको बनायो होला । (४) एक दिनको घटना[३२] उदाहरण स्वरूप तिनको[२] सामुन्ने आउन थाल्यो । (५) (क) गोबिन्द पण्डित[३३] र गोरे जमदार[३४]को[३५] खेतको झगडा धेरै दिनदेखि चलि आएको थियो तर (ख) त्यस दिनको[३६] जस्तो कुटामारी कहिल्यै भएको थिएन । (६) (क) कृष्ण राय[२] सदाको जस्तै मध्यस्थ[३०] भए र (ख) बानीले प्रेरित भए झैं ती[३५] झगडियाहरू[३५]लाई झगडाको दुष्परिणाम बुझाउन थाले । (७) (क) हेर गोविन्द पण्डित[३३], (ख) हेर गोरे जमदार[३४], (ग) झगडा गरेर के लाभ, (घ) आपस्तमा मिल, (ङ) खाऊ, (च) पिऊ र (च) ईश्वरको भजन गर[३६] । (८) (क) यति[३६] उपदेशमै तिनीहरू[३५] झगडा गर्न छोड्ने भए (ख) तिनीहरू[३५] कहिल्यै पनि झगडा गर्ने थिएनन् । (९) (क) तिनीहरू[३५] मिल्न मानेनन् र (ख) बिचरा मध्यस्थ[२]लाई कर लागेर गोरे जमदार[३४]को पक्षमा न्याय दिनु पऱ्यो । (१०) (क) यस झगडामा[३२] मध्यस्थ भएर (ख) तिनले[२] निश्चय नै गोविन्द पण्डित[३३]लाई आफ्नो[२] शत्रु बनाए होलान् । (११) (क) फेरि एउटा मास्टर[३७] र कैयाँ[३८]को झगडामा न्याकैयाँको पक्षमा हुँदा मास्टरले रिसाएर भनेको थियो – (ख) "हेर्नुस् कृष्ण रायजी, फैसलालाई त म आफ्नो *शिरमा* राख्छु तर (ग) कैयाँ[३८] कैयाँ[४०] नै हुन्, (घ) काम लाग्ने छैनन् ।" (१२) (क) एउटा झगडामा सबभन्दा निर्दोष काम हो (ख) त्यो झगडाको मध्यस्थ[३०] हुनु तर (ग) कुनै पनि मध्यस्थ दुवै पक्षको समर्थक हुन सक्तैन । (१३) (क) मध्यस्थले एउटा न एउटाको शत्रु हुनै पर्छ[३९]- (ख) कृष्ण राय[२]ले बिउँझै झैँ यो[३९] ज्ञान आर्जन गरे ।

**Haimaprabha** (A Trilingual, Non-Predatory, Peer-reviewed, NepJOL indexed Journal)
Vol.- 1 Number 22, 2023 Pp. 79-96 ISSN : 2392-4764 (P)

**निदर्शन**

माथिको कथांश ६ मा कथांश १देखि ५ सम्म आएका निदर्शकसहित आएका कृष्ण राय[२] धेरै यो[३०] गाउँले[११], तिनी[२], माथि[२], तिनलाई[२], यसैले[३१], तिनको[२] यो[३१], तिनलाई[२], एक दिनको घटना[३२], तिनको[२२], गोबिन्द पण्डित[३२], गोरे जमदार[३४], त्यस दिनको[३६], ती[३५], यति[३६], तिनीहरू[३५], यस[३२], तिनले[२], आफ्नो[२], एउटा मास्टर[३६], कैयाँ[३८], कैया[४०], आफ्नो[३७] निदर्शक आएका छन्। यिनले व्यक्ति, घटना, परिवेश आदिलाई निदर्शन गरेका छन्। यसमा म[३७], आफ्नो[३७], प्रथम पुरुष वाचक निदर्शक रहेका छन्। त्यस्तै कृष्ण राय[२] धेरै यो[३०] गाउँले[११], तिनी[२]माथि[२], तिनलाई[२], यसैले[३१], तिनको[२] यो[३१], तिनलाई[२], एक दिनको घटना[३२], तिनको[२२], गोबिन्द पण्डित[३२], गोरे जमदार[३४], तयस दिनको[३६], ती[३५], यति[३६], तिनीहरू[३५], यस[३२], तिनले[२], आफ्नो[२], एउटा मास्टर[३६], कैयाँ[३८], कैया[४०], आफ्नो[३७]तृतीय पुरुष वाचक निदर्शन हुन् भने यिनले अन्तसन्दर्भन पनि गरेका छन्। गाउँले[११], यसैले[३१], एक दिनको घटना[३२], गोबिन्द पण्डित[३२], गोरे जमदार[३४], ती[३५], तिनीहरू[३५], एउटा मास्टर[३६], कैया[४०] सामाजिक निदर्शन हुन्। यसले कथांश १ देखि ५ सम्म आएको समाजलाई सदर्भित गरेको छ। त्यसले यो कथा सामाजिक विषयवस्तुमा आधारित हो भन्ने पुष्टि गरेको छ। त्यसैगरी वाक्य ४. एक दिनको घटना३२ उदाहरण स्वरूप तिनको२ सामुन्ने आउन थाल्यो। यस वाक्यको यस दिनको घटना३२ पूर्व सन्दर्भक बनेर आएको छ। यस एक दिनको घटना[३२]ले वाक्य ५, वाक्य ६, वाक्य ७ र वाक्य ९ को पूर्व सन्दर्भक भएर कथाको पूर्व प्रसङ्गलाई पनि जोड्ने काम गरेको छ।

**लोप**

माथिको कथांश ५ मा आएका वाक्य ६, वाक्य ७, वाक्य ८ मा लोपको प्रयोग गरिएको छ। वाक्य ६ कृष्ण सदाको जस्तै मध्यस्थ भएर बानीले प्रेरित भएझैँ ती झगडियाहरूलाई झगडाको दुष्परिणाम बुझाउन थाले। वाक्य ७ हेर गोबिन्द पण्डित[३२], हेर गोरे जमदार[३४], झगडा गरेर के लाभ, आपसमा मिल, खाऊ, पिऊ र ईश्वरको भजन गर। यी वाक्य ७ को उपवाक्य (ग) मा (तिमीहरूलाई) र (हुन्छ), उपवाक्य (घ) मा मा (तिनीहरू)[३५] उपवाक्य (ङ) मा (तिमीहरू)[३५] उपवाक्य (च) मा (तिमीहरू)[३५] उपवाक्य (छ) मा तिमीहरू लोप भएको छ। वाक्य ६को उपवाक्य (ख) मा (उनी)[२] वाक्य १० को उपवाक्य (क) मा तिनी लोप भएको छ। वाक्य ११ को उपवाक्य (घ) मा उनी लोप भएको छ। वाक्य १२ को उपवाक्य (ख) मा हो शब्द लोप भएको छ।

**प्रतिस्थापन**

माथिको कथांश ६ मा आएको वाक्य २को यो[३१] ले वाक्य १ लाई प्रतिस्थापन गरेको छ। वाक्य ३ को यसैले[३१] ले वाक्य २ को उपवाक्य (ख) गाउँले तिनी[२]माथि नै विश्वास गरी तिनलाई झगडाको मध्यस्थ

**Haimaprabha** (A Trilingual, Non-Predatory, Peer-reviewed, NepJOL indexed Journal)
Vol.- 1 Number 22, 2023 Pp. 79-96 ISSN : 2392-4764 (P)

तुल्याउँदैथे[३१]लाई प्रतिस्थापन गरेका छन् । वाक्य ८ को यति[३६] ले वाक्य ७ लाई प्रतिस्थापन गरेको छ । वाक्य १३ को उपवाक्यमा आएको यो[४८] ले वाक्य १२ र वाक्य १३ को उपवाक्य (क) लाई प्रतिस्थापन गरेको छ ।

**संयोजन**

माथिको कथांशमा आएका वाक्य १ र २ लाई विस्तारले संयोजन गरेको छ । वाक्य २ र ३ लाई विस्तारले संयोजन गरेको छ । वाक्य ३ र ४ लाई योगात्मकले, वाक्य ४ र ५ लाई विस्तारले वाक्य ५ र ६ लाई सर्तले वाक्य ६ र ७ लाई परिणामले वाक्य ७ र ८ लाई परिणामात्मकले संयोजन गरेको छ । वाक्य ८ र ९ लाई विकल्पात्मकले वाक्य ९ र १० लाई परिमाणात्मकले वाक्य १० र ११ लाई योगात्मकले र वाक्य ११ र १२ लाई परिमाणात्मकले संयोजन गरेको छ । माथिको कथांश ६ को वाक्य २ को उपवाक्य (क) र (ख) लाई व्याख्यात्मकले जोडेको छ । वाक्य ३ को उपवाक्य (क) र (ख) लाई परिणाम वोधकले वाक्य ५ को उपवाक्य (क) र (ख) लाई विपरित वोधकले वाक्य ६ को उपवाक्य (क) र (ख) लाई व्याख्यात्मकले जोडेको छ । वाक्य ७ को उपवाक्य (क) र (ख) लाई व्याख्यात्मकले, उपवाक्य (ख) र (ग) लाई व्याख्यात्मकले, उपवाक्य (ग) र (घ) लाई परिमाणात्मकले उपवाक्य (ग) र (ङ) लाई व्याख्यात्मकले उपवाक्य (ङ) र (च) लाई व्याख्यात्मकले उपवाक्य (च) र छ लाई व्याख्यात्मकले संयोजन गरेको छ । वाक्य ८ को उपवाक्य (क) र (ख) लाई समुच्चय वोधकताले वाक्य ९ को उपवाक्य (क) र (ख) लाई विपरित वोधकताले वाक्य ११ को उपवाक्य (क) र (ख) लाई परिमाणात्मकताले उपवाक्य (ख) र (ग) लाई विपरित वोधकले उपवाक्य (ग) र (घ) लाई निश्चय वोधकले संयोजन गरेको छ । वाक्य १२ को उपवाक्य (क) र (ख) लाई परिणाम वोधकले उपवाक्य (ख) र (ग) लाई विपरित वोधकले संयोजन गरेको छ । वाक्य १३ को उपवाक्य (क) र (ख) लाई परिणाम वोधकले संयोजन गरेको छ ।

**चित्र ७**

*'शत्रु' कथाको कथांश ७ को व्याकरणिक संसक्ति सङ्केतन*

**कथांश ७**

(१) (क) विचार गर्दागर्दै कृष्ण राय[२]ले *रेलको डब्बामा* भएको झगडा[४०] सम्झे (ख) *हाटमा*[४६] तिनी[२]द्वारा धक्का खाई लडेको एउटा मान्छे[४१]लाई सम्झे, (ग) तिनले[२] निकाली दिएका नोकरहरू[४२]लाई सम्झे, (घ) गरिब तर ईर्ष्यालु दाजुभाइ[४३]लाई सम्झे, (ङ) जो तिनको[२] उन्नति देखि सहँदैनथे । (२) (क) अरुको त के कुरा, (ख) आफ्नै[२] पोष्यपुत्र[१५]माथि पनि उनलाई[२] भरोसा थिएन । (३) (क) चाँडै नै सम्पत्तिको मालिक हुन (ख) उसले[१५] जे पनि गर्न सक्छ, (ग) आखिर आफैले[२] जन्माएको छोरो त..........।

**निदर्शन**

माथिको कथांश कृष्ण राय[२], रेलको डब्बामा भएको घटना[४०], हाटमा[४९], तिनी[२], एउटा मान्छे[४१], नोकरहरू[४२], गरिब तर ईश्र्यालु दाजुभाइ[४३]लाई, पोष्यपुत्र[१५], उनलाई[२], उसले[१५], आफैले[२] निदर्शक हुन् । ती

निर्दशकहरूले पाठ भित्र र बहिरका घटना, व्यक्ति तथा सन्दर्भहरूको सङ्केत गरेका छन् । ती निदर्शक मध्ये आफ्नै[२] र आफैँले[२] प्रथम पुरुष वाचक निदर्शकको, कृष्ण राय[२], रेलको डब्बा[४०], तिनी[२२], एउटा मान्छे[४१], नोकरहरू[४२], गरिब तर ईर्श्यालु दाजुभाइ[४३]लाई, पोष्पपुत्र[१५] र उसले[१५] शब्दहरू सामाजिक निदर्शकको, रेलको डब्बामा[४०], हाटमा[४६] आदि स्थानवाचक निदर्शकको काम गरेका छन् ।

## लोप

माथिको कथांश ७ मा आएका वाक्य १, २ र ३ मा लोपको प्रयोग गरिएको छ । माथिको कथांशको वाक्य १ को उपवाक्य (ख) मा कर्ता (तिनले) उपवाक्य (घ) मा कर्ता (तिनले) र आफ्ना शब्द लोप भएका छन् । वाक्य ३ को उपवाक्य (ग) को आखिर आफैले जन्माएको छोरो त...। मा त पछिको पुरै सन्दर्भको लोप गरिएको छ ।

## संयोजन

माथिको कथांश ७ मा संयोजकको प्रयोग गरिएको छ । वाक्य १ र २ लाई विस्तारले वाक्य २ र ३ लाई परिमाणात्मकताले संयोजन गरेको छ । वाक्य १ को उपवाक्य (क) र (ख) लाई व्याख्यात्मकताले, उपवाक्य (ख) र (ग) लाई व्याख्यात्मकताले उपवाक्य (ग) र (घ) लाई व्याख्यात्मकताले र उपवाक्य (घ) र (ङ) लाई परिणामात्मकताले जोडेको छ । वाक्य २ को उपवाक्य (क) र (ख) लाई परिमाणात्मकताले वाक्य ३ को उपवाक्य (क) र (ख) लाई कार्यकारण वोधकताले र उपवाक्य (ख) र (ग) लाई परिणामात्मकताले संयोजन गरेको छ ।

**चित्र ८**

*'शत्रु' कथाको कथांश ८ को व्याकरणिक संसक्ति सङ्केतन*

**कथांश ८**

(१) घटनालाई बिर्सने प्रयत्न गर्दै कृष्ण राय[२] निदाउने निहुँले *बिछ्यौना*[४६]मा बङ्ङ लडे । (२) (क) शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? (ख) दुनियाँमा[४७] कोही[४८] पनि मित्र हुँदैनन् (ग) सबै[४९] शत्रु, (घ) सबै[५०] वैरी नै हुन्छन् । (३) (ग) कसले[५१] भन्छ (ख) अकारण नै कोही[५२] शत्रु हुँदैन ? (ग) मानें, (घ) अकारण कोही[५२] कसैको[५३] शत्रु हुँदैन, तर (ङ) झगडाको निहुँ कति सजिलै पाइन्छ ? (च) कृष्ण राय[२]ले धेरैसँग सङ्गत गरेनन्, तर (छ) जतिसँग गरे (ज) सबैलाई तिनी[२]सँग 'बाप वैर साध्ने' कुनै न कुनै निहुँ दिए । (४) (क) कस्तो अच्चम्म, (ख) निर्दोष करामा पनि विषाल साँप जस्तो वैरी बनाउने साधन लकि रहेको देखिन्छ ।

## निदर्शन

माथिको कथांशमा आएका कृष्ण राय[२], विछयौनामा[४६], दुनियाँमा[४७] कोही[४८], सबै[४९] शत्रु, सबै बैरी[५०], कसैले, केही[५२], कोही[५२], कसैको[५३], सबै[५०], तिनीसँग[२०], तृतीय पुरुषवाचक निदर्शक हुन् । यिनले पाठभित्र तथा बहिरका सामाजिक सन्दर्भ तथा व्यक्तिलाई निदर्शन गरेका छन् । यहाँ आएका विछयौनामा[४६],

**Haimaprabha** (A Trilingual, Non-Predatory, Peer-reviewed, NepJOL indexed Journal)
Vol.- 1 Number 22, 2023 Pp. 79-96 ISSN : 2392-4764 (P)

दुनियामा[४७] आदिले स्थानवाचक निदर्शको काम गरेका छन् । भने कोही[४८], सबै[४९] शत्रु, सबै बैरी[५०], कसैले, केही[५२] कोही[५२], कसैको[५३], सबै[५०] आदिले सामाजिक निदर्शकको काम गरेका छन् । यिनले पाठभित्र र बहिरका सामाजिक सन्दर्भलाई निदर्शन गरेका छन् ।

**लोप**

माथिको कथांश ८ का वाक्य (२), वाक्य (४) लोपको प्रयोग गरिएको छ । माथिको वाक्य (२) मा शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ **?** दुनियाँमा कोही पनि मित्र हुँदैनन्[४७] सबै शत्रु (हुन्छन्)[४७] सबै बैरी नै हुन्छन् । वाक्य ४मा कृष्ण राय[२]ले धैरैसँग सङ्गत गरेनन्, तर जतिसँग गरे सबैलाई तिनी[२]सँग "बाप बेर साध्ने" कुनै न कुनै निहुँ दिए । यी वाक्यमा क्रमशः वाक्य२ को उपवाक्य (ग) मा (दुनियाँमा)[४७], (हुन्छन्), उपवाक्य (घ) मा (दुनियाँमा)[४७] वाक्य ३ को उपवाक्य (ग) मा (मैले)[२] लोप भएका छन् । वाक्य (४) को उपवाक्य (क) मा (हुँदोरहेछ) लोप भएको छ ।

**संयोजन**

माथिको कथांशका प्रत्येक वाक्य तथा उपवाक्यमा संयोजनको प्रयोग गरिएको छ । माथिको कथांशका वाक्य १ र २ लाई योगात्मकताले वाक्य २ र ३ लाई विस्तारले वाक्य ३ र ४ लाई परिमाणात्मकताले संयोजन गरेको छ । माथिको वाक्य २ को उपवाक्य (क) र (ख) लाई कारणात्मकताले उपवाक्य (ख) र (ग) लाई व्याख्यात्मकताले अनुक्रमवोधकताले उपवाक्य (ग) र (घ) लाई व्याख्यात्मकताले संयोजन गरेको छ । वाक्य ३ को उपवाक्य (क) र (ख) लाई व्याख्यात्मकताले उपवाक्य (ख) र (ग) लाई व्याख्यात्मकताले उपवाक्य (ग) र (घ) लाई कारणात्मकताले उपवाक्य (घ) र (ङ) लाई विपरीत वोधकले उपवाक्य (ङ) र (च) लाई परिमाणात्मकताले उपवाक्य (च) र छ लाई विपरीत वोधकताले र उपवाक्य छ र ज लाई परिमाणात्मकताले संयोजन गरेको छ । वाक्य ४ को उपवाक्य (क) र (ख) लाई परिमाणात्मकताले संयोजन गरेको छ ।

**चित्र ९**

*'शत्रु' कथाको कथांश ९ को व्याकरणिक संसक्ति सङ्केतन*

**कथांश ९**

(१) (क) भोलिपल्ट यो[२९] घटनाको जाँच हुँदा (ख) पुलिसको इन्स्पेक्टर[५४]ले तिनलाई[२] सोध्यो- (ग) "तपाई[२]लाई कसै[५५]माथि शङ्का छ ?"

(२) कृष्ण राय[२]ले गम्भीर भएर उत्तर दिए- "रामे[२३], केदार[५६], युवक[२८], गोबिन्द पण्डित[३३], कन्हैया[३७], मास्टर[३८], बुधे[५७], लीला[५८], पुष्पराज[५९], रामचन्द्र पराजुली[६०]...।

**निदर्शन**

माथिको कथांश ९ मा आएको यो[२९], भोलिपल्ट, पुलिसको इन्स्पेक्टरले[५४], तिनलाई[२], तपाई[२], कसैमाथि[५५], कृष्ण राय[२], रामे[२३], केदार[५६], युवक[२८], गोविन्द पण्डित[३३] कन्हैया[३८] मास्टर[३७] बुधे[५७], लीला[५८], पुष्पराज[५९], रामचन्द्र पराजुली[६०] निदर्शक हुन् । यी निदर्शकले सामाजिक सन्दर्भ र पाठगत सन्दर्भलाई निदर्शन

गरेका छन् । यसमा तपाईं[२] द्वितीय पुरुष वाचक निदर्शकका रूपमा आएको छ भने अरु सबै पदहरू तृतीय पुरुषवाचक निदर्शकका रूपमा आएको छ भने भोलिपल्ट समयवाचक निदर्शक बनेर आएको छ ।

**लोप**

माथिको कथांश ९ मा आएका कृष्ण राय२ले गम्भीर भएर उत्तर दिए– "रामे, केदार, युवक, गोबिन्द, पण्डित, कन्हैया, मास्टर, बुधे, लीला, पुष्पराज, रामचन्द्र पराजुली ... मा लोप गरिएको छ । यहाँ क्रमशः (मेरा)[२] र (शङ्गका छ) लोप भएको छ । साथै (...) ले अरु बाँकी व्यक्तिको नाम लोप भएको छ ।

**संयोजन**

माथिको कथांशमा आएको वाक्य १ र २ लाई योगात्मकले संयोजन गरेको छ । माथिको वाक्य १ को उपवाक्य (क) र (ख) लाई अनुक्रमवोधकले उपवाक्य (ख) र (ग)लाई व्याख्यात्मकले संयोजन गरेको छ ।

## निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाको 'शत्रु' कथा संसक्ति युक्त कथा हो । यस कथाका सबै जसो अनुच्छेदहरूमा व्याकरणिक संसक्तिको प्रयोग गरिएको छ । यस कथाका सबै जसो अनुच्छेदमा व्यक्तिवाचक, स्थानवाचक, समयवाचक, बहिःसन्दर्भित र अन्तःसन्दर्भित निदर्शनको प्रयोग गरिएको छ । यस कथामा सार्वनामीकरण, लोप, प्रतिस्थापन र संयोजन जस्ता व्याकरणिक संसक्तिको प्रयोग गरिएको छ ।यस कथाका भाषिक एकाइहरूलाई अन्वितिपूर्ण बनाउन निदर्शन, लोप, प्रतिस्थापन, संयोजनले भूमिका खेलेका छन् । यस कथाका शब्द, पदावली, उपवाक्य र वाक्यका बिचमा सम्बन्ध स्थापित भएका छन् ।यस कथामा कृष्ण राय[२] र उनलाई निदर्शन गर्न उनी तिनी, उनको, उनलाई, उनमा जस्ता निदर्शकको सबभन्दा बढि प्रयोग गरिएकाले प्रस्तुत कथा कृष्ण रायको वरिपरि घटेको पाइन्छ । यस कथामा कृष्ण रायको मनमा उत्पन्न भएका अन्य विविध शङ्का उपशङ्काकै शृङ्खलामा सम्पूर्ण कथाको घटना घटेकाले प्रस्तुत कथा कृष्ण रायकै मनस्थिति अनुरूप घटेको पाइन्छ । यस कथालाई साठीवटा व्याकरणिक संसक्तिले सम्बद्ध गरेको छ । यस कथामा कथाको घटना सुरुदेखि अन्तिमसम्म कृष्ण रायलाई जनाउने उनी, तिनी, उनको, उनले जस्ता निदर्शकको प्रयोग गरी एक अर्का वाक्य तथा अनुच्छेदबिच अन्तःसम्बन्ध गरिएको छ ।

## कृतज्ञताज्ञापन

प्रस्तुत लेख आफ्नै मूल हो । कहीँकँतैबाट प्रकाशन भएको छैन र प्रकाशन गर्न पनि पठाएको छैन । प्रस्तुत लेख पढी सारगर्भित सुझाव एवम् टिप्पणी लेखेर परिमार्जन गर्न सहयोग गर्नुहुने विज्ञज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

## सन्दर्भ सामग्री

कोइराला, विश्वेश्वरप्रसाद. (२०६८). 'शत्रु'. *सबैको नेपाली*. सम्पा.उच्चमाध्यमिक शिक्षा परिषद्. साझा प्रकाशन।

गौतम, देवीप्रसाद.(२०६८क). "पाठ व्याकरणमा शब्द श्रृङ्खला". *नव प्रवर्तन*. जनता नवप्रवर्तन मञ्चको प्रकाशन. पृ ९–१९।

_____ (२०६८ख)."सङ्कथन विश्लेषण" *रत्न बृहत नेपाली समालोचना*. रत्न पुस्तक भण्डार।

पौडेल, माधवप्रसाद र पोख्रेल, गोकुल (२०७१). *सङ्कथन विश्लेषणः सिद्धान्त र प्रयोग*. विद्यार्थी प्रकाशन प्रा.लि.।

ह्यालिडे, एम्.ए.के. (१९७९).*कोहेन्स इन इङ्लिस*. आरनोल्ड।